# खाद्य मेला सञ्चालन कार्यविधि, २०७४

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

नेपाल सरकार

## कृषि विकास मन्त्रालय

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## पृष्ठभूमि

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले आफ्नो स्थापना काल वि.स. २०१८ साल देखि नै नेपालमा खाद्य प्रविधि विकास, पोषण प्रसार तथा गुण नियन्त्रणका क्षेत्रमा विविध आयामहरुको शुरुवात गरि समय सापेक्ष तोकेको उत्तरदायित्व र जिम्मेवारी पालन गर्दै आइरहेको छ।

यसै सन्दर्भमा दुर्गम पहाडी क्षेत्रलगायत देशका अन्य विभिन्न क्षेत्रमा समेत स्थानीय कृषिजन्य खाद्य परिकारहरूको उपभोग बढाउन र खाद्यान्नमा परनिर्भरता कम गर्न ती स्थानीय कृषि उत्पादनहरू बारेमा आवश्यक अध्ययन अनुसन्धान गरिनुपर्ने जिम्मेरवारी यस विभागलाई तोकेअनुसार यस विभाग र अन्तर्गतका निकायले देशका विभिन्न जिल्लाहरूमा प्रचलनमा रहेका परम्परागत प्रविधिहरु साथै उत्पादित अल्प प्रचलनमा रहेका कृषिजन्य खाद्य उपजहरूको अध्ययन अनुसन्धान भई तिनमा पाइने पौष्टिक तत्त्वहरू, प्रचलित वा उपयुक्त प्रशोधन प्रविधि एवम् उन्नत उपभोग विधिहरूको विकास भएको छ। तिनको प्रचारप्रसार गरी आम जनताको खानेबानीमा सुधार गर्न प्रचारप्रसारमूलक कार्यक्रम गर्न खाद्य मेला आयोजना गर्न आवश्यक छ। साथै विभिन्न संस्कार (Culture) मा रहेका र अन्य सरकारी तथा गैरसरकारी निकाय, शिक्षण संस्था, खाद्य उद्योग, होमस्टे लगायतमा उत्पादन हुने तर आम प्रचलनमा नआएका पोषिला एवम् स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रबर्द्धन गर्न खाद्य मेला आयोजना गर्न आवश्यक छ।

परम्परागत नेपाली प्रविधि प्रबर्द्धन गर्न तथा उपयुक्त विधि मार्फत उत्पादित खाद्यवस्तुहरू उपभोक्ता व्यवसायी उद्यमी एवम् राष्ट्रीय तथा अन्तराष्ट्रीय बजारमा पहिचानका लागि तथा सरकारी एवम् गैरसरकारी निकाय संघसस्था नीति निर्माताहरूलगायत नागरिक समाजलाई सुसूचित गराउन एवम् कृषिमा आधारित खाद्य उपजको प्रबर्द्धन गर्न स्थानीय उत्पादनमा आधारित पौष्टिक परिकार प्रबर्द्धन गरी आम नेपालीको खानेबानीमा सुधार गरी खानाबाट देखिने स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरूबाट जोगिन विभिन्न निजी तथा गैरसरकारी संस्थाहरूसँग सार्वजनिक निजी साझेदारी एवम् सहकार्यमा राष्ट्रिय तथा क्षेत्रीयस्तरका मेलाहरूमा आयोजना गर्ने उद्देश्यले खाद्य मेला सञ्चालन कार्यविधि, २०७४ तयार गरिएको हो।

## परिच्छेद १

### प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम खाद्य मेला सञ्चालन कार्यविधि, २०७४ रहेको छ।

ख) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

**(२) परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

क) खाद्य मेला भन्नाले कृषिजन्य खाद्य उत्पादन, उद्यमी एवम् व्यवसायीहरूको व्यवसाय प्रबर्द्धन गर्न राष्ट्रीय (संघीय), क्षेत्रीय (प्रान्तीय) वा जिल्ला (स्थानीय तह) स्तरमा आयोजना गरिने मेला प्रदर्शनी वा महोत्सव भन्ने बुझ्नुपर्छ।

ख) राष्ट्रीय (संघीय) स्तरको खाद्य मेला भन्नाले एकभन्दा बढी क्षेत्र (प्रान्त)का जिल्ला (स्थानीय तह)हरूका व्यवसायी, उद्यमीहरू सहभागी भई एकभन्दा बढी जिल्ला क्षेत्र वा समुदायमा प्रचलित विभिन्न खाद्य परिकार समावेश गरी आयोजित मेला सम्झनुपर्छ।

सचिव

ग) क्षेत्रीय (प्रान्तीय) स्तरको खाद्य मेला भन्नाले एक क्षेत्र (प्रान्त) का जिल्ला (स्थानीय तह) हरूका व्यवसायी, उद्यमीहरू सहभागी भई एकभन्दा बढी जिल्ला (स्थानीय तह) वा समुदायमा प्रचलित विभिन्न खाद्य परिकार समावेश गरी आयोजित मेला सम्झनुपर्छ।

घ) जिल्ला (स्थानीय तह) स्तरको खाद्य मेला भन्नाले एकै जिल्ला (स्थानीय तह) का कृषक, व्यवसायी, उद्यमीहरू सहभागी भई एकभन्दा बढी वडाहरु वा समुदायमा प्रचलित विभिन्न खाद्य परिकार समावेश गरी आयोजित मेला सम्झनुपर्छ।

ङ) वस्तुगत खाद्य मेला भन्नाले विभिन्न व्यावसायिक कृषि तथा खाद्य उत्पादन जस्तै फलफूल, अन्न, दूध आदिबाट बनेका खाद्य उत्पादनको एकल प्रदर्शनी बुझ्नुपर्छ।

च) मेला आयोजक भन्नाले मेला संचालन गर्ने विभाग/ महाशाखा / क्षेत्रीय (प्रान्तीय) कार्यालय वा अन्तर्गतका कार्यालयलाई जनाउनेछ । विभाग वा मातहतका कार्यालयहरुले स्वीकृत कार्यक्रम अनुसार आफै वा आवश्कता अनुसार अन्य गैर सरकारी संस्थाहरु मार्फत संचालन गर्न सक्नेछ | आधारभूतरूपमा मेला सञ्चालन गर्ने अन्य निकायहरू जस्तै कृषि उद्यम केन्द्र, नेपाल उद्योग वाणिज्य महासंघ तथा जिल्ला (स्थानीय तह) स्थित उद्योग वाणिज्य संघहरू, नेपाल उद्योग परिसंघ तथा उद्योग परिसंघहरू होम स्टे, खाद्य उद्योगहरु, गैर सरकारी संस्थाहरु, सम्बन्धित् विषयवस्तुका शिक्षण संस्थाहरु, नेपाल खद्य बैज्ञानिक तथा प्राविधिज्ञ संघ लगायतका कृषक सहकारी,कृषिसम्बन्धी वस्तुगत संघसंस्थाहरु लगायत निजी तथा गैर सरकारी संस्थाहरु बुझ्नु पर्छ ।

छ) 'विभाग' भन्नाले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग बुझ्नु पर्छ ।

ज) 'खाद्य प्रविधि विकास तथा तालिम महाशाखा' भन्नाले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गतको महाशाखा बुझ्नु पर्छ ।

झ) 'क्षेत्रीय (प्रादेशिक) कार्यालय' भन्नाले यस विभाग अन्तर्गतका बिराटनगर, भैरहवा, हेटौडा, नेपालगञ्ज तथा धनगढीमा अवस्थित क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरुलाई जनाउदछ।

ञ) 'मन्त्रालय' भन्नाले कृषि विकास मन्त्रालय बुझ्नु पर्छ ।

ट) 'प्रचलित नियम अनुसार ' भन्नाले कार्य संचालन निर्देशिका २०७३, सार्वजनीक खरीद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार बुझ्नु पर्छ ।

**(३) उद्देश्यः**

क) खानेबानी सुधारका लागि विभिन्न क्षेत्रहरुमा स्थानिय रुपमा उपलब्ध हुने पोषिलो खाद्य उपजहरुको विविधिकरण गर्न

ख) खाद्य प्रविधि तथा पोषण सम्बन्धि अनुशन्धान भएका खाद्य परिकारहरुको अभियानमूलक रुपमा प्रवर्द्धन गर्न

ग) विभिन्न भौगोलिक क्षेत्रहरुमा अल्प प्रचलनमा रहेका खाद्य उपजहरुको पौष्टिक जानकारी लगायत परिकार विकास सम्वन्धि जानकारी सर्व साधारणमा उपलब्ध गराउन ।

घ) खाद्य उद्यमी तथा व्यवसायीहरूलाई उत्पादित उपजहरूको स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार गर्न सहयोग गर्ने।



सचिव

ङ) व्यावसायिक वैज्ञानिक एवम् नवीनतम् खाद्य प्रविधिसम्बन्धी सूचना आदानप्रदान गर्न योगदान गर्ने

च) कृषक, खाद्य व्यसायी, खाद्य उद्यमी, सेवा प्रदायक तथा उपभोक्ताबीच व्यावसायिक सम्बन्ध एवम् सहकार्य स्थापना गराउने।

## परिच्छेद २

## खाद्य मेला सञ्चालन विधि

**(४) कार्यक्रमः** यो कार्यविधिअन्तर्गत देहायवमोजिमका कार्यक्रमहरू सञ्चालन हुनेछन्।

क) राष्ट्रिय (संघीय), क्षेत्रीय (प्रान्तिय) वा जिल्ला (स्थानीय तह) स्तरीय खाद्य मेला प्रदर्शनी वा महोत्सव

ख) वस्तुगत खाद्य मेला (दुध, फलफूल, कन्दमूल, अन्नबाट बनेका खाद्यवस्तु, मासुबाट बनेका खाद्यवस्तु आदि)

ग) राष्ट्रिय (संघीय), क्षेत्रीय (प्रान्तीय) तथा जिल्ला (स्थानीय तह) स्तरमा आयोजना गरिने खाद्य मेला प्रदर्शनी वा महोत्सव

**(५) कार्यक्रम आयोजक, समिति, उप-समिति तथा मेला स्थलः**

१) नेपालमा प्रचलनमा रहेका परम्परागत खाद्य परिकारहरु, विभिन्न भौगोलिक क्षेत्रहरुमा उत्पादन हुने तर अल्पप्रचलनमा रहेका पोषिला खाद्य पदार्थहरु, परिकारहरु, प्रशोधन प्रविधिहरुको प्रबर्धन गर्ने उद्देश्यले क्षेत्रीय (प्रान्तीय) सन्तुलनको आधारमा प्रान्त वा स्थानीय तहमा प्राथमिकीकरण गरी खाद्य मेला नेपालभरि सञ्चालन गर्न सकिनेछ। साथै व्यावसायिक रुपमा उत्पादन भएको स्थानलाई प्राथमिकता दिइनेछ।

२) मेला आयोजना तथा व्यवस्थापन गर्न आयोजकले मेला आयोजक व्यवस्थापन समिति तथा स्टल मुल्यांकन समिति लगायतका विभिन्न बिषयगत उप समितिहरु गठन गर्न सक्नेछ।

**(६) मेला सञ्चालन गर्न आवेदन दिनसक्ने आवेदकहरूः**

१) देहाय वमोजिमका संघ संस्थाहरुले खाद्य मेला संचालन गर्न आर्थिक तथा प्राविधिक प्रस्ताव सहित आवेदन दिन सक्नेछन्

क) नेपाल उद्योग वाणिज्य महासंघ तथा जिल्लास्थित उद्योग वाणिज्य संघहरू
ख) नेपाल उद्योग परिसंघ तथा जिल्लास्थित उद्योग परिसंघहरू
ग) विभिन्न कृषक सहकारी संघ संस्थाहरू
घ) विभिन्न निजी तथा गैरसरकारी संस्थाहरू
ङ) परिसंघहरू होम स्टे, खाद्य उद्योगहरु, गैर सरकारी संस्थाहरु, सम्बन्धित विषयवस्तुका शिक्षण संस्थाहरु, नेपाल खाद्य बैज्ञानिक संघ लगायतका संघ संस्थाहरु

२) आवेदकहरूले देहायका शर्तहरू पूरा गरेको हुनुपर्नेछ

क) प्रचलित कानूनवमोजिम स्थापित तथा नियमितरूपमा संस्था नवीकरण एवम् लेखापरीक्षण गरेको हुनुपर्ने

ख) सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा दर्ता भई नियमितरूपमा कर तथा राजस्व तिरेको



सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

ग) तोकिएको ढाँचामा निवेदन एवम् प्रस्ताव (प्राविधिक तथा आर्थिक) पेश गर्नुपर्ने

**७) कार्यक्रम कार्यान्वयन प्रकृयाः**

१) मेला सञ्चालन गर्दा आयोजक वा संचालक संस्थाले यस कार्यविधिको परिच्छेद २ को खण्ड ८ वमोजिमको नर्मसभित्र रही कार्यान्वयन गर्नुपर्नेछ।

२) राष्ट्रिय (संघीय), क्षेत्रीय (प्रान्तीय) तथा जिल्ला (स्थानीय तह) स्तरमा आयोजना गरिने खाद्य मेला प्रदर्शनी एवम् वस्तुगत खाद्य मेला सञ्चालन एवम् कार्यान्वयन प्रकृया देहायवमोजिम हुनेछ:

क) अन्य निकायहरुबाट खाद्य मेला संचालन गराँउदा १५ देखि ३० दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

ख) आवेदन एवम् प्रस्ताव सङ्कलन नेपालभरिका योग्य आवेदकहरूबाट अनुसूची १ वमोजिमको ढाँचामा आवेदन र आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नुपर्नेछ। आवेदनसाथ मेलाको प्रस्तावना अनुसूची २ बमोजिमको ढाँचामा संलग्न गर्नुपर्नेछ।

ग) आवेदन साथ प्राप्त प्रस्तावहरुमध्येबाट मेला संचालक छनौट गर्नको लागि तपशिल बमोजिमको मूल्याङ्कन समिति रहनेछः

१) कार्यालय प्रमुख/महाशाखा प्रमुख
२) स्थानीय तहको प्रतिनिधि
३) घरेलु तथा साना उद्योग विकास कार्यालय वा समितिको प्रतिनिधि
४) उद्योग वाणिज्य संघ प्रतिनिधि
५) आन्तरिक लेखा प्रतिनिधि
६) आन्तरिक प्रशासन प्रतिनिधि
७) सदस्य सचिवः कार्यालय प्रमुख/विभागीय प्रमुखले तोकेको व्यक्ति

मेला संचालक छनौटका लागि मुल्याङ्कन समितिले स्विकृत बजेटको परिधिमा रही प्राप्त भएका आवेदन एवं प्रस्तावहरुको मूल्यांकन प्रचलित यस कार्यविधिमा भएको व्यवस्था अनुसार मेला आयोजक छनौट गर्नेछ । प्राप्त प्राविधिक प्रस्तावहरु अनुसूचि ३ को आधारमा छनौट गरिनेछ । कार्यविधिमा नभएका प्रावधानहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरिनेछ ।

३) मेला संचालक छनौटका आधारहरू

क) मेला सञ्चालन गरिने स्थल प्राविधिक भौगोलिक एवम् आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।
ख) प्रस्तावकले मूलभूतरूपमा आफ्नै श्रोत र साधनमा मेला आयोजना गरेमा थप सहयोग माग गर्न सक्नेछ ।
ग) सोही मेला संचालन गर्न अन्य सरकारी निकायहरूबाट सहयोग नलिएको हुनुपर्नेछ ।
घ) दुर्गम तथा व्यावसायिकरूपमा अग्रसर स्थानीय तहका मेला संचालक वा आयोजकहरूलाई प्रोत्साहन गरिनेछ ।

मेला संचालन गर्न छनोट भएका संस्थाहरुले अनुसूची ४ वमोजिम सम्झौता गर्नुपर्नेछ।

**(८) खाद्य मेला सञ्चालनका लागि बजेट खर्च गर्ने नर्मस तथा आर्थिक रकम प्रवाह प्रकृयाः**



सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

१) मेला सञ्चालनका लागि बजेट खर्च गर्ने नर्मस तथा आर्थिक रकम प्रवाह प्रकृया देहायवमोजिम हुनेछ ।

क) खाद्य मेला सञ्चालनका लागि प्रति स्टल आवश्यकिय सामाग्री उपकरणका लागि अधिक्तम रु. ३,०००। सम्म खर्च गर्न सकिनेछ। (विद्युत्, जेनेरेटर, स्टल हेड, मूल गेट, साउण्ड सिस्टम आदि)

ख) राष्ट्रिय (संघीय) खाद्य मेला सञ्चालन गर्ने स्थल भाडामा लिने सम्बन्धमा स्थल उपलब्ध गराउने संस्थाको दररेट अनुसार द्विपक्षीय सम्झौता गरी स्थल भाडामा लिनका लागि बढीमा रु १,५०,०००। प्रतिदिनका दरले खर्च गर्न सकिनेछ।

ग) मेला सञ्चालनका सिलसिलामा सूचना सन्देश, प्रचार प्रसार तथा विज्ञापन प्रसारण प्रति मेलाका लागि आवश्यकतानुसार (विज्ञापनको साइज, दररेट तथा विज्ञापन गराउने मिडियाको छनोट गरी राष्ट्रिय तथा स्थानीय विद्युतिय तथा छापा माध्यमद्वारा प्रचार प्रसार गर्न) बढीमा रु १,२५,०००। सम्म खर्च गर्न सकिनेछ।

घ) मेला स्थल तथा स्टल सुरक्षार्थ पालोपहरा गर्न खटाइने सुरक्षागार्ड प्रति दिन ६ जनादेखि बढीमा १० जनासम्म राख्न सकिने छ र प्रतिदिन खाना/खाजा खर्च स्वरुप प्रति जवान रु १,०००। का दरले खर्च भुक्तानी दिइने छ।

ङ) जिल्ला वाहिरबाट कार्यक्रममा सहभागी हुन आमन्त्रित स्टलका सहभागीहरुलाई दैनिक तथा भ्रमण भत्ता नेपाल सरकारको प्रचलित नियम अनुसार उपलब्ध गराउन सकिनेछ (अधिक्तम २ जना प्रति स्टल)। दैनिक भत्ता मेलामा सहभागीलाई सहायक स्तर (तृतिय तह) को कार्यक्रम संचालन कार्य दिनका लागि मात्र दिइनेछ । स्थानिय सहभागीको हकमा खाने बस्ने खर्च प्रचलित नर्मस् अनुसार मेला अवधिभरका लागि दिन सकिनेछ । सहभागीहरुलाई सहभागी भत्ता उपलब्ध गराउन नसकिने अवस्था भएमा अग्रिम सूचना गरिने छ ।

च) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा त्यस अन्तर्गतका निकायहरुले विगतमा गरेका अध्ययन अनुशन्धानबाट विकास गरिएका परिकार, प्रविधिहरुको प्रबर्द्धन गर्न मेलामा सहभागी प्रयोजनका लागि आवश्यक तयारीका लागि कच्चा पदार्थ लगायतका अन्य सामाग्रीहरु वापत अधिक्तम रु.१०,०००। सम्म उपलब्ध गराउन सकिनेछ ।

छ) मेलामा सहभागी हुन आउने विशिष्ट व्यक्तिहरु (माननिय मन्त्रीज्यू, सचिवज्यू लगायतका) लाई नेपाल सरकारको प्रचलित आर्थिक एन नियम बमोजिम खाना/खाजा खर्च गर्न सकिनेछ ।

ज) मेला आयोजना गर्न तपसीलको तालिका वमोजिम अधिक्तमखर्च गर्न सकिनेछ।

| क्र सं | विवरण | एकाइ | परिमाण (अधिक्तम) | दर (अधिक्तम) | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्टल निर्माण (टेबल-१, कुर्सी-२, टेबलपोस समेत) | वटा | १२० | ५,००० | |
| २ | आवश्यकिय सामाग्री उपकरणका लागि (विद्युत्, जेनेरेटर, स्टल हेड, मूल गेट, साउण्ड सिस्टम आदि) | वटा | १२० | ३,००० | |
| ३ | मेला स्थल भाडा (राष्ट्रीय वा संघीय स्तर ) | प्रति दिन | ५ | १,५०,००० | मेलाको अघिल्लो दिन समेत |
| ४ | मेला स्थल भाडा | प्रति दिन | ५ | २५,००० | मेलाको अघिल्लो दिन |



सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| | (क्षेत्रिय वा प्रान्तीय तथा जिल्ला वा स्थानीय स्तर ) | | | | समेत गरेर |
| ५ | सूचना सन्देश प्रचार प्रसार तथा विज्ञापन | प्रति मेला | | १,२५,००० | |
| ६ | मेलास्थल सुरक्षा (बढीमा १० जवान प्रति दिन, ५ दिन) | जवान | ५० | १,००० | मेलाको अघिल्लो दिन समेत गरेर |
| ७ | मेला व्यवस्थापन गाडी भाडा (बढीमा २ प्रति दिन, ५ दिन ) | पटक | १० | ५००० | |
| ८ | बोलपत्र लगायतको सूचना प्रकाशन ( प्रचलित दरभाउ अनुसार) | पटक | १ | ५०,००० | |
| ९ | पुरस्कार | | | | |
| ९.१ | नगद पुरस्कार ४ विधामा | | | | |
| ९.१.१ | प्रथम | वटा | ४ | १०,००० | |
| ९.१.२ | द्वितीय | वटा | ४ | ८,००० | |
| ९.१.३ | तृतीय | वटा | ४ | ६,००० | |
| ९.१.४ | सान्त्वना | वटा | ४ | ४००० | |
| ९.२ | शिल्ड निर्माण खर्च (४ बिधामा ४ श्रेणी) | वटा | १६ | ६००० | |
| ९.३ | प्रमाणपत्र तयारी तथा छपाई | वटा | २०० | ५० | |
| ९.४ | मायाको चिनो | वटा | १०० | १००० | |
| १० | सांस्कृतिक कार्यक्रम | समूह | ५ | २५००० | |
| ११ | प्रेस मिट | पटक | २ | | |
| ११.१ | मेला पूर्व प्रचार प्रसारात्मक | | | | |
| ११.१.२ | खाजा | व्यक्ती | १०० | २०० | अधिक्तम |
| ११.१.३ | मसलन्द | व्यक्ती | १०० | १०० | अधिक्तम |
| ११.१.४ | विविध | पटक | १ | ५००० | अधिक्तम |
| ११.२ | मेला पश्चात् प्रभावकारीता समिक्षात्मक | | | | |
| ११.२.१ | खाजा | व्यक्ती | १०० | २०० | अधिक्तम |
| ११.२.२ | मसलन्द | व्यक्ती | १०० | १०० | अधिक्तम |
| ११.३.३ | विविध | पटक | १ | ५००० | अधिक्तम |
| १२ | मसलन्द खर्च | | | | |
| १२.१ | ब्याच | वटा | ६० | १०० | |
| १२.२ | ब्रोसर पोष्टर | वटा | १००० | २० | |
| १२.३ | ब्यानर | वटा | २२ | १,५०० | |
| १२.४ | फ्लेकस् | वटा | १५ | २,५०० | |
| १२.५ | | | | | |
| १३ | उद्घाटन खर्च | | | | |
| १३.१ | खाजा तथा पानी | प्रति व्यक्ति | १२५ | २०० | |
| १३.२ | मञ्च सजावट | दिन | १ | २०,००० | |
| १४ | समापन खर्च | | | | |
| १४.१ | खाजा पानी | प्रति व्यक्ति | १२५ | २०० | |



सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| १४.२ | मञ्च सजावट | दिन | १ | २०,००० | |
| १५ | सरसफाइ (प्रति दिन बढीमा ४ जना, प्रति व्यक्ति रु १०००, बढीमा ५ दिन) | दिन | ५ | ४००० | मेलाको अघिल्लो दिन समेत गरेर |
| १६ | बैठक भत्ता | | | | |
| १६.१ | मेला आयोजक मुल्यांकन समिति (७ सदस्यीय) | व्यक्ति | ३ x ७ | १५०० | अधिक्तम ३ पटक सम्म |
| १६.२ | मेला स्टल मूल्यांकन समिति (५ सदस्यीय) | व्यक्ति | १ x ५ | १५०० | |
| १६.३ | खाजा चिया खर्च | व्यक्ति | २०० | २०० | मेला आयोजना तयारीमा संलग्न अन्य समिति तथा उप समितिका सदस्यहरु समेतको बैठकमा |
| १७ | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा त्यस अन्तर्गतका निकायहरुले मेलामा स्टल सहभागी प्रयोजनका लागि आवश्यक तयारी खर्च | वटा | ७ | १०००० | तयारी खर्चको लागि पेश्की उपलब्ध गराइने र विल भर्पाई सहित फर्स्यौट गर्न पर्ने। |
| १८ | विविध (फोटोकपी, फोटो, इमर्जेन्सी, first aid, प्राकृतिक प्रकोपका कारण आपत विपत, अतिथि सत्कार आदि समेत) | आवस्कता अनुसार | | २०,००० | |

२) मेला आयोजक तथा संचालक स्वयम् ले मेला सञ्चालनको सम्पूर्ण आर्थिक व्यवस्थापकीय एवम् प्रशासनिक कार्य सम्पन्न गर्नुपर्नेछ । यो कार्यविधिमा उल्लेख भए वमोजिम स्वीकृत बजेट, संचालकसँगको सम्झौता पत्र तथा तोकिएको अधिक्तम रकमभित्र रही मेला संचालन बजेट उपलब्ध गराइनेछ।

३) मेला छनोट भई सम्बन्धित मेला संचालकसँग सम्झौता भएपछि पहिलो किस्तामा ४० प्रतिशत रकम उपलब्ध गराइनेछ। कार्यक्रम सम्पन्न भएपछि आवश्यक प्रतिवेदन तथा कागजात तयार गरी दोस्रो किस्ता भुक्तानीकालागि पेश गर्नुपर्नेछ । पहिलो किस्तावापतको रकमको सन्तोषजनक उपयोग भएको पाइएमात्र दोस्रो किस्ताको रकम उपलब्ध गराइनेछ । सम्झौतावमोजिम स्टल सङ्ख्या नरहेमा दोस्रो किस्ता भुक्तानी गर्दा स्टल सङ्ख्याको आधारमा हिसाब गरेर बाँकी रकम भुक्तानी गरिनेछ ।

४) मेला संचालकले पेश गरेको प्रस्ताव तथा सम्झौता गरेअनुसार तथा नेपाल सरकारको प्रचलित कानूनवमोजिम मेला सञ्चालन गर्नुपर्नेछ ।

**(९) सहभागितात्मक अनुगमनः** मेला सञ्चालनको उपयुक्त अनुगमनका लागि विभागले आवश्यक्तानुसार अधिकृतस्तरको पदाधिकारीको टोली बनाउनेछ ।

**(१०) कार्य सम्पन्न प्रतिवेदनः** मेला संचालकले सम्झौता गरे वमोजिम कार्यक्रम पूर्णरूपले सम्पन्न भइसकेपछि विभागमा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । प्रतिवेदन नबुझाउनेहरूलाई पछि हुने प्रतिस्पर्धामा भाग लिनबाट वञ्चित गरिनेछ ।

**सचिव**

नेपाल सरकार
कृषि विकास मन्त्रालय

परिच्छेद ३

## कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेवारी

**(११) मेला आयोजक तथा संचालकहरुको जिम्मेवारीः**

१) विभाग वा अन्तर्गतका निकाय मेला आयोजक भई मेला संचालन गर्दा यस कार्यविधि बमोजिम कार्य सम्पन्न गर्नु पर्नेछ।

२) मेला संचालनका लागि छनौट भएका संचालकहरुले मेला संचालन गर्दा आफूले पेश गरेको प्रस्तावनाअनुसार काम गर्ने लिखित प्रतिबद्धता जाहेर गर्ने र सोही मुताबिक मेला सञ्चालन एवम् अनुगमन गर्ने।

३) मेला सम्पन्न भएपछि सो कार्यक्रमको प्रतिवेदन २ प्रति तालुक निकायमा पठाउने।

४) छनौट भएका मेला संचालकहरुबाट संचालन हुने मेलामा विभाग/ खाद्य प्रविधि विकास तथा तालिम महाशाखा/क्षेत्रीय वा प्रान्तीय कार्यालयहरुको जिम्मेवारी

क) मेला संचालकहरूलाई आवश्यक प्राविधिक एवम् प्रशासनिक सेवा उपलब्ध गराउने।

ख) कार्यक्रम बजेट र अख्तियारी स्वीकृत गर्ने।

ग) कार्यक्रमका लागि सूचना प्रकाशनसम्बन्धी कार्यहरू गर्ने।

घ) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने।

ङ) वार्षिकरूपमा कार्यक्रमको वस्तुस्थिति प्रतिवेदन तयार गर्ने।

च) कार्यक्रम सञ्चालनका लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने।

छ) कार्यक्रमको प्रगति विवरण तयार गरी तालुक निकायमा पठाउने।

## परिच्छेद ४

## विविध

**(१२) कारवाहीको व्यवस्थाः** प्रस्ताव स्वीकृत भई छनोट भएका मेला संचालकहरूले सम्झौताअनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त आर्थिक सहयोग दुरुपयोग भएको पाइएमा नेपाल सरकारको प्रचलित कानून वमोजिम कारबाही गरी सरकारी रकम असूल उपर गरिनेछ।

**(१३) प्रचलित कानून वमोजिम हुनेः** मेला सञ्चालनका सम्बन्धमा यसै कार्यविधि वमोजिम कार्यान्वयन हुनेछ। यसमा उल्लेख नभएका कार्यहरु प्रचलित कानून वमोजिम कार्यान्वयन गरिनेछ।

**(१४) बाधा अड्काउ फुकाउनेः** यो कार्यविधि कार्यान्वयनमा कुनै प्रकारको बाधा अड्काउ परेमा विभागका महानिर्देशकबाट निकासा भए वमोजिम हुनेछ।

**(१५) कार्यविधि संसोधन तथा खारेजीः** तालुक मन्त्रालयले यो कार्यविधिमा आवश्यकतानुसार संसोधन र खारेजी गर्न सक्नेछ।

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## अनुसूची १

(दफा ७ को उपखण्ड २ ख सँग सम्बन्धित)

### राष्ट्रिय (संघीय), क्षेत्रीय (प्रान्तिय) तथा जिल्ला (स्थानीय) स्तरीय खाद्य मेला सञ्चालनका लागि दिइने आवेदन

श्री..................................ज्यू,

विभाग / महाशाखा/क्षेत्रीय कार्यालयको नाम,

ठेगाना।

विषयःखाद्य मेला सञ्चालन सम्बन्धमा।

महोदय,

......................(विभाग / महाशाखा/क्षेत्रीय कार्यालय) को आयोजनामा यही मिति २०७ । । देखि २०७ । । सम्म ......................(मेलाको नाम) सञ्चालन हुन लागेकोमा सो खाद्य मेला सञ्चालनका लागि यस संस्थाले यसै निवेदन साथ प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गरेको छ । निवेदन साथ पेश गरिएको प्रस्तावना एवम् नेपाल सरकारको प्रचलित कानूनवमोजिम निर्धारित प्रकृया अनुसार मेला सञ्चालन गर्ने प्रतिबद्धता प्रकट गर्दछु।

**<u>संलग्न कागजात</u>**

१ अनुसूची २ अनुसारका संक्षिप्त कार्ययोजना
२ संस्था दर्ताको प्रमाणपत्र
३ गत आ व को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि
४ प्यान वा भ्याटमा दर्ता प्रमाणपत्रको प्रतिलिपि
५ संस्थाको जनशक्ति विवरण (प्रमाणित प्रतिलिपि)
६ संस्थाको घरजग्गा तथा कार्यालय उपकरण आदिको विवरण (प्रमाणित प्रतिलिपि)
७ बढीमा १ हप्ताअघि प्राप्त ब्याङ्क मौज्दातको विवरण
८ प्राविधिक प्रस्ताव
९ आर्थिक प्रस्ताव

निवेदकको नाम

हस्ताक्षर

ठेगाना

फोन/मोबाइल फोन नं :

संस्थाको छापः

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## अनुसूची २

(खण्ड ७ को उपखण्ड २ ख सँग सम्बन्धित)

प्रस्तावनाको ढाँचा

१) मेलाको नाम

२) परिचय

३) मेला आयोजना हुने मिति र स्थान

४) मेलाको लक्ष्य

५) मेलाको मुख्य उद्देश्य

६) मेला आयोजक, संचालक एवम् प्रबर्द्धकहरूको नाम

७) मेलामा आयोजना हुने मुख्यमुख्य कार्यक्रमहरू

८) मेलामा सहभागी हुने खाद्यसँग सम्बन्धित स्टलहरूको प्रारम्भिक अनुमानित सङ्ख्या तथा प्रदर्शनीमा राखिने खाद्य वस्तु, खाद्य पदार्थहरु, परिकारहरु, प्रशोधन प्रविधिहरु एवम् सेवाहरू

९) प्रारम्भिक अनुमानित आय व्यय

१०) मेला संचालक संस्थाको संक्षिप्त परिचय#

**#** संस्थाको नाम, ठेगाना. स्थापना मिति, संस्थाको उद्देश्य, जनशक्ति विवरण, मेलासँग सम्बन्धित अनुभव, हालैको आर्थिक विवरण-नाफा नोक्सान खाता, वासलात, ब्याङ्क मौज्दात विवरण, संस्थाको घर जग्गाको विवरण आदि।

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय

## अनुसूची ३

(खण्ड ७ को उपखण्ड २ घ सँग सम्बन्धित)

### खाद्य मेला संचालक प्रस्तावकको प्राविधिक प्रस्ताव मूल्याङ्कन फाराम

| क्र सं | द नं | आवेदक | आयोजकको मूल्याङ्कन पूर्णाङ्क ८० | | | | कूल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| | | | मेला आयोजना अनुभव (२५) | आर्थिक अवस्था (२५) | पेश गरेको प्रस्ताव (२०) | आयोजकको जनशक्ति (१०) | |
| | | | आयोजकको अनुभव यस कार्य अगावै कुनै पनि मेला आयोजना गरेको आधारमा निम्नानससार अंक दिइनेछः<br>५ वा बढी पटक = २५<br>४ पटक = २०<br>३ पटक = १५<br>२ पटक = १०<br>१ पटक = ५<br>० पटक = ० | आयोजकको वार्षिक कारोबारको आधारमा निम्नानुसार अंक दिइनेछः<br>२५ लाख वा माथि =२५<br>२०-२४ लाख = २०<br>१५-१९ लाख = १५<br>१०-१४ लाख = १०<br>१-९ लाख = ५<br>कारोबार नभएको = ० | मूल्यांकन समितिले प्राप्त प्रस्तावहरुको आधारमा अंक दिनेछ। | मूल्यांकन समितिले प्राप्त प्रस्तावहरुको आधारमा अंक दिनेछ। | |
| | | | | | | | |

**छनोट समितिका पदाधिकारीहरूको नाम, थर, पद, दस्तखत र मिति**

१)

२)

३)

४)

५)

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसूची ४

(खण्ड ७ को उपखण्ड ३ सँग सम्बन्धित)

सम्झौतापत्रको ढाँचा

**सम्झौता पत्र**

नेपाल सरकार, कृषि विकास मन्त्रालय, खाद्य प्रविधि विकास तथा तालिम महाशाखा/क्षत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, …………(यसपछि प्रथम पक्ष भनिनेछ)……………………(मेलाको नाम) का संचालक ………………………(मेला संचालकको नाम)(यस पछि दोश्रो पक्ष भनिनेछ) का बीच …………………(मेलाको नाम) सफलतापूर्वक सम्पन्न गर्न निम्न शर्तहरू पालन गर्नेगरी यो सम्झौता गरिएको छ। यो सम्झौताको एक एकप्रति दुवै पक्षले बुझिलियौँ।

शर्तहरू

१) ……………….(मेलाको नाम) को आयोजकको रूपमा प्रथम पक्ष रहनेछ। प्रथम पक्षले परम्परागत खाद्य पदार्थ प्रबर्द्धनलगायतको उद्देश्य राखी आयोजित ……………….(मेलाको नाम) अन्तर्गत खाद्य मेलाका लागि रु ………(अक्षरेपी रु……………………) दोश्रो पक्षलाई उपलब्ध गराउनेछ।

२) पहिलो पक्षबाट ……………….(मेलाको नाम) अन्तर्गत खाद्य मेला सञ्चालनार्थ उपलब्ध गराएको रकमबाट परिसर निर्माण गरी प्रबर्धन गर्नु पर्ने खाद्य व्यवसायी/सहभागीहरूलाई निशुल्क तथा अन्यलाई स्टल मांग भए अनुसार प्रति स्टल रु ५०००।- सहुलियत भाडामा स्टल उपलब्ध गराउनु पर्नेछ।

३) दोश्रो पक्षले मेला अवधिभित्र खाद्य व्यवसाय प्रबर्द्धनमा टेवा पुग्ने अन्य कार्यहरू जस्तै व्यावसायिक बैठक, व्यापारी भेला आदि समेतको कार्यक्रम सञ्चालन गर्न सकिनेछ। यसका अतिरिक्त दोश्रो पक्षले खाद्य व्यवसायीहरूलाई आवश्यक पर्ने प्रदर्शन कक्षको व्यवस्था, आधुनिक प्रविधि तथा व्यावसायिक गतिविधिहरूको सूचना आदानप्रदानको व्यवस्था मिलाउनुपर्नेछ।

४) दोश्रो पक्षले मेला समाप्त भएपछि मेला सम्बन्धी फोटोसहितको मेला सम्पन्न प्रतिवेदन २ प्रति साथै आवश्यक बिल, भर्पाइसहित भुक्तानी माग गर्न सकिनेछ। यसरी माग भइआएपछि प्रथम पक्षले प्रचलित नियमानुसार करकट्टी गरी दोश्रो पक्षलाई एकमुष्ट अन्तिम भुक्तानी उपलब्ध गराउनुपर्नेछ।

५) अन्य आवश्यक शर्तहरु

पहिलो पक्ष

नामः

पदः

कार्यालयः खाद्य प्रविधि विकास तथा तालिम महाशाखा/क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय

ठेगानाः

साक्षीः

दोश्रो पक्ष

नामः

पदः

कार्यालयः

ठेगानाः

साक्षीः

इति सम्वत् २०७ साल गते बार रोज शुभम्

सचिव